म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३५० बिहीबार १२ साउन २०७९ ने. सं. ११४२ दिल्लागा 28 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एसईईमा बागमतीबाट सबैभन्दा धेरै उत्तीर्ण

हेटौंडा, ११ साउन/ एसईई परीक्षामा देशका सात प्रदेशमध्ये बागमती प्रदेशबाट सबैभन्दा धेरै विद्यार्थी उत्तीर्ण भएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डले बुधबार सार्वजनिक गरेको नतिजा अनुसार बागमती प्रदेशबाट सबैभन्दा धेरै १ लाख ७ हजार ४ सय २५ जना उत्तीर्ण भएका छन् । बागमतीको उत्तीर्ण प्रतिशत २१ दशमलव ६७ रहेको छ । सात प्रदेशमध्ये सबैभन्दा धेरै विद्यार्थीले एसईई दिएकोपनि बागमतीबाट हो । एसईई परीक्षामा प्रदेश नम्बर १ बाट ८४ हजार ४ सय ९१ जना परीक्षार्थी उत्तीर्ण भएका छन् । प्रदेश १ बाट १७ दशमलव ४ प्रतिशत परीक्षार्थी उत्तीर्ण भए ।

बोर्डले सबै प्रदेशबाट ४ लाख ९५ हजार ७ सय ५१ जना उत्तीर्ण भएकोको नतिजा निकालिएको छ । यस्तै, मधेस प्रदेशबाट ७६ हजार ८ सय ४७ जना परीक्षार्थी उत्तीर्ण भएको बोर्डले जानकारी दिएको छ । गण्डकी प्रदेशबाट ४६ हजार १ सय २९, लुम्बिनी प्रदेशबाट ४६ हजार ४ सय ८७, कर्णालीबाट ३७ हजार ३ सय ६२ र सुदूरपश्चिम प्रदेशबाट ५७ हजार १० जना उत्तीर्ण भएको बोर्डले जानकारी दिएको छ ।

# निष्प्रभावी बन्दै प्रधानमन्त्री रोजगार कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ हेटौंडा उपमहानगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्न सकेको छैन ।

रोजगारीको सिलसिलामा वर्षेनी कयौं युवाहरु विदेशिनु पर्ने बाध्यता भइरहेको बेलामा हेटौंडामा उपमहानगरपालिकामा भने रोजगारीको लागि विनियोजित बजेट समेत खर्च हुन नसकेको हो । बेरोजगारीको मारमा पिल्सिएर उर्जाशील रोजगारी खोज्दै विदेशिदा स्वदेशमा नै राजगारी दिनको लागि विनियोजित बजेट भने वर्षे फ्रिज हुने गरेको छ ।

गत आर्थिक वर्ष २०७८/०७९ मा हेटौंडा उपमहानगरमा प्रधानमन्त्री रोजगार कार्यक्रमको कुल रकममध्ये ३१ प्रतिशत मात्रै खर्च भएको छ । संघीय सरकारबाट हेटौंडा उपमहानगरपालिकामा रोजगार कार्यक्रम सञ्चालनका लागि एक करोड १८ लाख रुपैयाँ प्राप्त गराएकोमा अपेक्षाअनुसारको काम नभएको पाइएको छ ।

उपमहानगरले कुल रकममध्ये ३७ लाख रुपैयाँ मात्रै खर्च गरेको छ भने ८१ लाख रुपैयाँ फ्रिज भएको छ । उपमहानगरपालिकाका प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक बिजेन श्रेष्ठले गत आर्थिक वर्षका लागि आएको बजेटको ६३ प्रतिशत काम हुन नसकेको जानकारी दिए ।



सरकारले बेरोजगारी न्यून गर्ने उद्देश्यसहित ल्याएको कार्यक्रम प्रभावकारी हुन नसकेपछि उपमहानगरपालिकाका लागि संघीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत पठाएको ८१ लाख रुपैयाँ खर्च नभएपछि जनताले श्रम गरेर पाउने उक्त रकम फ्रिज भएको हो ।

२ सय २९ जनालाई १ सय दिनको रोजगारी प्रदान गर्नको लागि संघीय सरकारले हेटौंडा उपमहानगरपालिकालाई उक्त रकम उपलब्ध गराएकोथियो । तर, प्रधानमन्त्री रोजगार कार्यक्रममा धेरैजनालाई सहभागी गराउन नसक्दा ८१ लख रुपैयाँ खर्च हुन नसकेको हो । उपमहानगरपालिकाको विकट वडाहरुमा रोजगार कार्यक्रमका योजनाका कामहरु व्यवस्थित तवरले सञ्चालन गर्न नसक्दा र स्थानीय तहको निर्वाचनको कारणले समेत सोचेजती योजनाहरु पूरा हुन नपाएको प्रधानमन्त्री रोजगार संयोजक श्रेष्ठले बताए । वडाहरुको समन्वयमा नागरिकहरुसँग सम्झौता भएका कामहरु पूरा गर्न नसकेको बताउँदै सम्झौता र लक्ष्यअनुसारको काम गर्न नसक्दा यो कार्यक्रम प्रभावकारी हुन नसकेको श्रेष्ठ स्वीकार गर्छन् । २ सय २९ जनालाई १ सय दिनको रोजगारी प्रदान गर्नको लागि संघीय सरकारले हेटौंडा उपमहानगर पालिकालाई उक्त रकम उपलब्ध गराएको थियो ।

तर, प्रधानमन्त्री रोजगार कार्यक्रममा धेरैजनालाई सहभागी गराउन नसक्दा ८१ लख रुपैयाँ खर्च हुन नसकेको हो । यो कार्यक्रममा सहभागिता जनाउनको लागि उपमहानगरपालिकाको ४ नम्बर वडाबाहेकका १८ वटा वडाका ८ सय ८५ जनाले फारम भरेका थिए । एकजना नागरिकले १ सय दिन काम गर्न पाउनुपर्ने नियमावली रहेकोमा उपमहानगरको ११ नम्बर वडा र १३ नम्बर वडाका नागरिकहरुले १० दिन देखि ४० दिनसम्म काम गर्दा १२ लाख रुपैयाँको काम भएको हो । ११ नम्बर वडामा ५ लाख रुपैयाँ र १३ नम्बर वडामा यो योजनामार्फत ७ लाख रुपैयाँबराबर को काम भएको श्रेष्ठले जानकारी दिए ।

प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी हुन नसकेको बताउँदै संयोजक श्रेष्ठले लक्ष्यअनुरुप काम गर्न नसकिएको स्वीकार गरे । 'उपमहानगरको १, ७, ८, ११, १२, १३, १४, १६ र १८ नम्बर वडामा विभिन्न सार्वजनिक काम सञ्चालन गरेका थियौं । सडक मर्मत, ढल खन्ने, खोलामा बाँध बाँध्नको लागि जाली भर्नेलगायत काम सञ्चालन गरिएको छ ।

तर, दिनमा ५ सय ७७ रुपैयाँमा काम गर्न आउने स्थानीयहरु नभएकै कारण पनि कतिपय वडाहरुले यो कार्यक्रमलाई प्रभावकारी बनाउन सकेका छैनन्', उनले भने । सम्झौता भएका कामहरु पनि पूरा नगरेको तथा सुरु नै नगरेको वडाहरु पनि छन् । त्यसकारणले पनि ठूलो प्रतिशतको रकम जनताले प्राप्त गर्न नसकेको र अन्त्यमा बजेट फ्रिज भएको श्रेष्ठले बताए । आर्थिक वर्ष २०७७/०७८ मा पनि हेटौंडा उपमहानगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम लगभग २० प्रतिशत रकम मात्रै खर्च भएको थियो । रोजगार कार्यक्रम सञ्चालनको लागि एक करोड ४० लाख रुपैयाँ प्राप्त भएकोमा सो रकममध्ये ४४ लाख रुपैयाँ मात्रै खर्च भएको थियो । बाँकी ९६ लाख रुपैयाँ खर्च नभएपछि संघीय सरकारको खातामा नै उक्त रकम फिर्ता गएको थियो ।

सरकारले देशमा आन्तरिक रोजगारीको क्षेत्र र दायरालाई विकास गरी श्रमको सम्मान गर्ने वातावरणको सिर्जना गर्ने तयारी गरेको छ । यस कार्यक्रममार्फत मुलुकभित्र नै उत्पादनशील रोजगारीका अवसरहरु सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितताको प्रत्याभूति गरिने सरकारले जनाएको छ । रोजगारी दिन नसकेको अवस्थामा त्यस्तो परिवारलाई बेरोजगारी भत्तासमेत दिने सरकारको तयारी छ ।

बेरोजगार व्यक्तिले आफ्नो वडा कार्यालयमा दर्ता गरेको निवेदनका गाउँपालिका वा नगरपालिकाको निर्णयअनुसार उक्त व्यक्तिलाई रोजगार व्यवस्थापन प्रणालीमा सूचीकरण गरिने व्यवस्था छ । सूचीकृत भएका बेरोजगार व्यक्तिलाई सरकारले एक आर्थिक वर्षको अवधिमा १ सय दिनको न्यूनतम रोजगारीको सुनिश्चितता गर्नेसमेत उल्लेख गरेको छ ।

## जग्गाको भाडा बढाउने निर्णयमा उद्योग संघको विरोध

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ उद्योग संघ मकवानपुर औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनि लिमिटेडले जग्गा भाडा बढाउने निर्णय कार्यान्वयन गर्न लागेको भन्दै त्यसको विरोध गरेको छ ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कार्यालयले जग्गा भाडा बढाउने निर्णय गरेको भन्दै संघले विरोध जनाएको हो । उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले एक विज्ञप्ति जारी गर्दै जग्गा भाडा दर वृद्धिप्रति संघको पूर्ण असहमति रहेको बताए ।

विभिन्न उद्योग संघहरु र औद्योगिक क्षेत्र उद्योग महासंघको प्रयासमा तत्कालीन समयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले बढेको भाडा वृद्धि लागू नगर्न लिमिटेडलाई निर्देशन दिएको प्याकुरेलले स्मरण गराए ।

कार्यालयले २०७५ को निर्णय अनुसारको बढेको जग्गा भाडा भुक्तानीका लागि उद्योगीहरुलाई काटेको छ । लिमिटेडले हेटौंडा औद्योगिक क्षेत्रको हाल कायम भाडा दरमा १३३ प्रतिशत वृद्धि गरेर सोही अनुसारको भाडा भुक्तानीका लागि पठाएको हो । लिमिटेडको २०७५ मंसिर ५ गतेको निर्णय अनुसारको भाडा तिर्नुपर्ने भन्दै ४ वर्ष पछि उद्योग प्रतिष्ठानहरुलाई पत्र काटेको जनाइएको छ ।




लिमिटेडले हेटौंडा औद्योगिक क्षेत्रको प्रति रोपनी १९ हजार ६९१ रुपैयाँको दरले भाडा भुक्तानी गर्न औद्योगिक क्षेत्रका १४९ वटा उद्योगहरुलाई पत्रसहित बिल पठाएको छ । ती उद्योगहरुलाई कुल १४ करोड भन्दा बढी रकमको बिल पठाइएको जनाइएको छ । बिल अनुसार हेटौंडा औद्योगिक क्षेत्रमा १७ रोपनी जग्गा भाडामा लिएर संचालन गर्दै आएको एउटा उद्योगले यसै महिनामा ९ लाख ५ हजार रुपैयाँ भाडा भुक्तानी गर्नुपर्ने भएको छ ।


हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १४९ वटा उद्योग मध्ये १३३ वटा संचालनमा रहेका छन् भने ५ वटा पुर्ण रुपमा बन्द अवस्थामा रहेको छ । ११ वटा उद्योग निर्माणाधिन अवस्थामा रहेको छ ।

ADMISSION OPEN

10+2

SCIENCE
HOTEL MANAGEMENT
MANAGEMENT

(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering

New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact:
057-524701,
057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

## फर्निचर मेला आयोजना हुने



काठमाडौं, ११ साउन (रासस)/ भदौको अन्तिम सातादेखि काठमाडौंको भृकुटीमण्डपमा आठौं फर्निचर तथा फर्निसिङ मेला-२०७९ को आयोजना हुने भएको छ ।

दुई वर्षसम्म आयोजना हुन नसकेको एक्स्पो अगामी भदौ २३ देखि २७ गतेसम्म नेपाल फर्निचर तथा फर्निसिङ संघको आयोजना तथा इभेन्ट सोलुसन प्रालीको व्यवस्थापनमा आयोजना हुन लागेको हो ।

पाँच दिनसम्म चल्ने मेलामा एक सय २० भन्दा बढी कक्ष रहनेछन् ।

किचन, बेडरूम, बाथरूमका साथै आउटडोर फर्निचर, इन्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायत सामग्री मेलामा मुख्य आकर्षण रहनेछन् ।

मेलामा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तानलगायत मुलुकका प्रदर्शकको सहभागिता रहनेछ ।

फर्निसिङ व्यवसायमा आधुनिक प्रविधि भित्र्याउँदै फर्निचर जन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन मेलाले टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

एक्स्पोको व्यवस्थापक इभेन्ट सोलुसन प्रालीका अनुसार एक्स्पोमा सहभागी हुनका लागि बुकिङ खुला गरिएको छ ।

साउन २३ गतेसम्ममा कक्ष बुकिङ गर्नेलाई कूल लागतमा १० प्रतिशत छुटको व्यवस्था गरिएको इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक विजयसागर प्रधानले जानकारी दिए ।

## आशा फाउन्डेसनलाई बसामाडी जेसिजद्वारा खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बसामाडी जेसीजले आशा फाउन्डेसन नामक संस्थालाई खाद्यान्न तथा शैक्षिक सामाग्री सहयोग गरेको छ ।

जेसीज सप्ताह कार्यक्रम अन्तरगत चौथो दिन बुधबार बसामाडी जेसीजले हेटौंडा-७ कमानेमा रहेको आशा फाउन्डेसनलाई खाद्यान्न तथा शैक्षिक सामाग्री सहयोग गरेको हो ।

बसामाडी जेसीजका अध्यक्ष चिराग अग्रवालको अध्यक्षता तथा बसामाडी जेसीज २०२२ का सल्लाहकार एंव कांग्रेस नेता अशोक शाक्यको प्रमुख अतिथ्यतामा सहयोग कार्यक्रम भएको थियो । जेसीजले आशा फाउन्डेसनका व्यवस्थापक बालकृष्ण चौलागाईलाई खाद्यान्न तथा शैक्षिक सामाग्री हस्तान्तरण गरेको छ । आइतबारबाट सुरु भएको जेसीज सप्ताह कार्यक्रममा मंगलबार अन्तर जेसीज फुटसल प्रतियोगिता भएको थियो । आज भीमफेदी बजारमा रहेको बाल मन्दिरमा शैक्षिक सामाग्री र खेलकुदका सामाग्री वितरण गर्ने कार्यक्रम रहेको महासचिव जनक शर्माले बताए । जेसीज सप्ताह कार्यक्रममा श्रावण १४ गते सम्म संचालन हुनेछ ।



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# किसानका आँसु कसले पुछ्ने ?

नेपाल कृषि प्रधान मुलुक हो । नेपालका अधिकांश नागरिक कृषि पेशाबाट जीविकोपार्जन गरिरहेका छन् । ग्रामिण क्षेत्रमा कृषि उत्पादनबाट नै नागरिकले पेट पाल्दै आएका छन् । तर, एउटा बिडम्बना कृषि पेशाबाट जीविकोपार्जन गर्ने भन्दाउपलब्धी किसानहरुले पाउन सकेका छैनन् । बढ्दो मंहगीसँगै, रसायनिक मलको अभाव, कृषि यन्त्रको अभावका कारण बढ्दो लागतले कृषि पेशातर्फ आकर्षण घट्दै गइरहेको छ । मुलुकमा अन्नबाली, तरकारीदेखि फलफूल भारत, चिनलगायतका देशबाट निर्यात धेरै छ । बाहिरी मुलुकको निर्यातले देशको माग धानेको छ । तर, स्वदेशमै कृषि उत्पादनलाई वृद्धि दिने बारे सरकारले ठोस योजना ल्याउन सकेको छैन् । विगतका वर्षदेखि देश एक थरीका घटनाले तरंगित थियो । उखु किसानका घटनाले । सडकमा आँसु झारेर आन्दोलन गर्न बाध्य हुन्छन् किसान । राज्य शक्ति हत्याउने लडाईंमा व्यस्त राजनीतिक दलहरुलाई गरिब किसानको आँशु पुछ्ने ध्यान पनि छैन् । दुई वर्षअघि उखु किसानका आँशु सडकमा पोखिएको देखिएकै थियो । अहिलेपनि रसायनिक मलको अभावले बाली लगाउन नपाउँदा किसानलाई मर्का परिरहेको छ । असारे धान लगाउनपनि मलको अभाव खट्कियो । भर्खरै स्थानीय तहको निर्वाचन सकियो । नागरिकले कस्ता जनप्रतिनिधि पाए हेर्न बाँकी छ । आएका जनप्रतिनिधिले किसानको आँशु पुछ्ने काम गर्नुपर्छ ।

सरकारले नै धोका दिएपछि उखु किसानहरु पटक-पटक आन्दोलनमा थिए । मल नपाएर घण्टौसम्म लाइन बसेर दुःख पाउने किसानहरुले गुनासो गरिरहेकै छन् । तर, स्वदेशमै अझै उखु किसानको भुक्तानीका लागि चासो दिने र मल ल्याउने सरकार नदेखिएको किसानहरुको गुनासो छ । ठूला व्यापारी र व्यवसायीलाई फाइदा पुग्ने गरी करको दायरा हेरफेर गर्ने मन्त्री छन्, तर कृषिबाट समृद्धि खोज्ने नारा लगाएर चुनाव जितेकाहरु किसानै लागि काम गर्दैनन् । हरेक वर्ष किसानका आँशु बगेका छन् । तर, आँशु पुछ्ने सरकार भेटिएन भनेर उनीहरुको रोदन कसले बुझ्ने ? कृषि प्रधान देशका किसानले उखुको भुक्तानी नपाउनु र सरकारले कुनै चासो नदिनुले आमनागरिकलाई चिन्तित बनाएको छ । उखुमात्र नभई दूध किसानले पनि उचित मुल्य नपाउँदा समस्या भइरहेको छ । प्रदेश सरकारले दूधमा अनुदान दिन थालेपनि थोरै भएपनि किसानहरुले खुशी मनाएका छन् । किसानका समस्या समाधान गर्न सरकार अग्रसर नभए कृषि प्रधान मुलुकबाट भविष्यमा कृषि पेशा नै धरापम पर्छ ।

उत्पादन लागतमा पनि महँगो, बजारको अभाव, बजार पहुँचवालाहरुको कब्जामा पर्नु, राज्यले संरक्षण नगर्नुले कृषि पेशाबाट धेरै जना पलायन भइसकेका छन् । नेपालमा बेरोजगारको व्याप्त समस्याका बाबजुद कृषि पेशा अंगाल्नुको विकल्प छैन् । दुई छाक टार्नपनि कृषि पेशा गर्नुपर्छ । तर, यो पेशाबाट किसान नै सन्तुष्ट छैनन् । आगामी प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा किसानलाई बुझेको, कृषि पेशा गरेका नेतालाई छनौट गर्दा किसानको आँशु पुछ्नेलाई प्राथमिकता दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १३ गते शुक्रबार २९ जुलाई २०२२ । श्रावण शुक्लपक्ष प्रतिपदा । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२५, सूर्यास्त: ६:५४ मा हुनेछ । गुँला धर्म आरम्भ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आत्म-विश्वास बढ्नेछ | **तुला** | : आम्दानी राम्रो हुनेछ |
| **वृष** | : धन खर्च हुनेछ | **वृश्चिक** | : प्रयत्न सफल हुनेछ |
| **मिथुन** | : चिन्ता बढ्ने | **धनु** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **कर्कट** | : विवाद हुन सक्ने | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : यात्रामा खर्च बढ्नेछ | **कुम्भ** | : कामबाट फुर्सद मिल्नेछ |
| **कन्या** | : दिन उत्साहपूर्ण बन्नेछ | **मीन** | : सहयोगीको राम्रो साथ पाइनेछ |

# ‘जब आकाश गर्जिन्छ, अनि मन तर्सिन्छ’

निरा गौतम

बुटवल उपमहानगरपालिका-३ ज्योतिनगर निवासी विनबहादुर बिटालु राम्रोसँग ननिदाएको धरै दिन भयो । पहिराका कारण श्रवनडाँडाको माथिल्लो भू-भाग नै बगेर सिधै बुटवल बजारतर्फ सोभिएपछि पहिराले च्याप्ने डरले उहाँ निदाउन सक्नुहुन्न । पानी पर्ने बित्तिकै घर छोडेर हिँड्ने बिटालु दम्पती बेलवास आफन्तको घरमा बास बस्नुहुन्छ ।

गत वर्ष चार कोठा पहिराले पुरिएको उहाँको घरमा अहिले पनि असारको पहिलो हप्ता पहिरो पसेको छ । घरको पछाडिबाट ढुङ्गा माटोसहितको पहिरोभित्र पसेपछि उहाँहरूले एउटा कोठामा खाने बस्ने गर्दै आउनुभएको छ । “आकाश गर्जिन थाल्यो कि मन तर्सिन्छ दिउँसोमा त बरु देखिन्छ तर रातिमा आयो भने गुहार नपाई मरिन्छ कि भन्ने डर लाग्छ”, आँखाभरि आँशु पार्दै बिटालु दु:खेसो पोख्नुहुन्छ ।

तेह्र जनाको विटालुको परिवारमा छोरा बुहारीहरू अलग्गै बस्छन् । घरअगाडि सानो टङ्की पसल गरेर गुजारा गर्दै आएका बिटालु दम्पती पहिराका कारण व्यापार पनि नभएको गुनासो गर्नुहुन्छ । यो क्षेत्रमा ४१ वर्षदेखि बसोबास गर्दै आएका बिटालुको परिवारले गतवर्ष पहिरो घरभित्रै पस्दा पनि अहिलेसम्म कुनै राहत तथा सहयोग भने पाएका छैनन् ।

स्थानीय तहको निर्वाचनमा हामीले पहिराबाट बचाउँछौ भनी राजनीतिक दलका प्रतिनिधिहरू घरदैलोमा भोट माग्न पुगे तर कुनै सहयोग तथा पहिरो नियन्त्रणका लागि पहल नगरेको बिटालुकी श्रीमती उजेली गुनासो गर्नुहुन्छ । “पानी पर्ने बित्तिकै माटोको लेदोसहितको खोलो बग्न थाल्छ, हामी घर बाहिर रुभ्रेर बस्छौँ । यसरी कति दिन चल्छ ? त्यसैले सरकारले हामीलाई अन्यत्रै बस्ने व्यवस्था मिलाउनुपर्छ”, उजेली भन्नुहुन्छ ।

बुटवल-३ कै सति कुमारी श्रेष्ठ पनि आका गर्जिने बित्तिकै घर छाडेर हिँड्नुहुन्छ । चुरे पहिराका कारण घर जोखिममा रहेकाले पहिराले च्याप्ने डरले उहाँ रातिमा घरमा सुत्न सक्नुहुन्न । गतवर्षको पहिराले घरको भूईंतला पुरेपछि लामो समय सरसफाइ गर्दा श्रेष्ठलाई धेरै पैसा खर्चिनुपरेको थियो । “गतवर्षको पहिरो बल्लबल्ल सफा गरे अहिले पनि पानी पर्ने वित्तिकै घरभित्र लेदोसहितको माटो पस्छ, रातिमा थाहै नपाई मरिन्छ कि भनेर अरुको घरमा गएर बस्छु” श्रेष्ठ दु:खेसो गर्नुहन्छ ।

श्रीमान र छोराको निधनपछि घरमा एक्लै बस्दै आउनुभएकी श्रेष्ठको सहारा कोही छैन । सरकारले पनि अहिलेसम्म कुनै सहयोग नगरेको उहाँको गुनासो छ । “पहिरोका कारण गत वर्षदेखि घरमै बस्न नसक्ने अवस्था भइसक्यो तर कसैले केही गर्दैन, कसैले हेर्दैन”, गहभरि आँशु झार्दै श्रेष्ठले भन्नुभयो । अहिले पानी पर्नासाथ उपमहानगरको वडा नं ३ र ४ मा पर्ने चुरे क्षेत्रमा लेदोसहितको माटो र पानी बग्न शुरु हुन्छ । यसले गर्दा यहाँका स्थानीयबासी घर छोडेर हिँड्न बाध्य हुन्छन् । बुटवल उपमहानगर पालिकाको तिनाउ नदी वारि र पारि पहिरोका कारण छियाछिया परेका चुरे क्षेत्रबाट पहिरो जान थाल्छ, अनि स्थानीयबासी आत्तिन थाल्छन् । गतवर्षदेखि पानी पर्ने वित्तिकै घर छोडेर हिँड्नुपर्ने वाध्यता यहाँका वासिन्दालाई छ । खासगरी बुटवलको लक्ष्मीनगर र ज्योतिनगर क्षेत्रका बासिन्दा चुरेको पहिरोबाट प्रभावित छन् ।

अहिले वर्षा शुरु भएसँगै यो क्षेत्रका वासिन्दाहरू रातिमा घर छाड्न बाध्य छन् । वडा नं ३ का स्थानीय केशवराज पन्थीका अनुसार चुरे पहिराको जोखिमका कारण यो क्षेत्रका बासिन्दा अन्यत्रै कोठा भाडामा लिएका छन् । पानी पर्ने बित्तिकै यो क्षेत्र छोडेर भाडाको कोठामा बस्न जाने गरेको उहाँको भनाइ छ । असारको पहिलो हप्ता परेको वर्षापछि आएको चुरोको पहिरो केही स्थानीयको घरमा पस्यो । पहिरोबाट बगेर र आएको लेदोसहितको पानी आधा दर्जन स्थानीयबासीको घरमा पसेपछि उनीहरू घर छोडेर हिँडेका थिए ।

गतवर्ष पहिरोका कारण करीब दुई दर्जन दर्जन स्थानीय वासिन्दाका घरमा क्षति पुगेपछि विज्ञको टोलीले चुरे पहिरोको अध्ययन गऱ्यो । चुरे क्षेत्रमा पहिरोका कारण थप जोखिम बढेपछि विज्ञको टोलीले अध्ययन गरेर पानीको अव्यवस्थित सतही बहाब नै बुटवल पहिरोको मुख्य कारण हो भन्ने ठहर गरे ।

यहाँको पहिरालाई रोकथाम गर्ने पहिलो उपाय सतही र भूमिगत पानीको सही व्यवस्थापन भएको निष्कर्ष निकालेर राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन इकाइ कार्यालय बुटवललाई प्रतिवेदन बुझाइएको थियो । पहिरो नियन्त्रणका लागि श्रवनडाँडा (पहिरो गएको डाँडो) को मध्यभागमा रहेका मूलहरूबाट बगेको पानीलाई पाइपमार्फत एकैठाउँ जम्मा गरेर पुराना वा नयाँ नालीहरूहरूमा मिसाउनु उपयुक्त हुने राय विज्ञले दिए । एक वर्षमा भएका अनुगमन, वृक्षरोपण र सामान्य पर्खाल लगाउने कामले पहिरो नियन्त्रण हुने देखिँदैन ।

गत वर्षको भदौ १३ र १४ गते बुटवल उपमहानगरपालिकाको ज्योतिनगर र लक्ष्मीनगर माथिको भागस्थित चुरे क्षेत्रमा गएको ठूलो पहिरोका कारण बुटवल बजार नै जोखिममा परेपछि विज्ञको टोलीले अध्ययन गरेको थियो ।

गतवर्ष पहिरो र दोस्रो चरणमा गरेर विज्ञको टोलीले चुरे पहिरो क्षेत्रको अवलोकन गरी दिएको सुझावका आधारमा ज्योतिनगर र लक्ष्मीनगरमा वृक्षरोपण गर्ने, तारजाली लगाउने र पर्खाल लगाउने काम गरिएको सो कार्यालयका सूचना अधिकारी निर्मल थापा भन्नुहुन्छ, “हामीले गत आर्थिक वर्षमा रु दुई करोड ३५ लाखको काम गरेका छौँ तर, प्राकृतिक प्रकोपसँग कस्को कसैको केही लाग्दैन ।” गतवर्ष उपमहानगरको वडा नं ३ मा पर्ने ज्योतिनगर क्षेत्रमा मात्रै करिब ७० हेक्टर क्षेत्रमा पहिरो गएको थियो । “जुनसुकै समयमा खस्न सक्ने गरी ढुङ्गा माटो झुण्डिएर बसेकाले उक्त क्षेत्र निकै जोखिममा गतवर्षको पहिराका कारण घर वरिपरि ढुङ्गा माटोसहितको पहिराले लथालिङ्ग अवस्था छ, अहिले त झन पहिराले बाँच्न दिँदैन कि जस्तो लाग्छ”, स्थानीयबासी तुलसा सुवेदी दु:खेसो पोख्नुहुन्छ ।

चुरे क्षेत्रको पहिरो नियन्त्रणका लागि गत वर्ष स्थानीय तहले केही पहल गरेपनि सङ्घ र प्रदेश सरकारको खासै चासो नरहेको स्थानीयवासीको गुनासो छ । प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी र बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डे पहिरो प्रभावित क्षेत्रमा अनुगमनका लागि गए पनि ठोस कदम चाल्न नसकेको स्थानीय तुलसा सुवेदीको गुनासो छ । “अनुगमनले मात्रै केही हुँदैन मात्र होइन, पहिरो नियन्त्रणका लागि ठोस योजना ल्याउनुपर्छ”, सुवेदी भन्नुहुन्छ ।

वर्षभरि नै सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा समेत सुनुवाइ नभएकाले यो वर्ष पनि समस्या झेल्नुपर्ने अवस्था आएको चुरे-तिनाउ संरक्षण समितिका संयोजक कमल गौतम बताउनुहुन्छ । अझै पनि चुरेको पहिरो नियन्त्रणका लागि पहल नगर्ने हो बुटवलमा ठूलो क्षति हुने खतरा रहेको उहाँको भनाइ छ । चुरे-तिनाउ संरक्षण समितिका संयोजक गौतमका अनुसार यसअघि पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलको पहलमा रु दुई करोड ३० लाख, बुटवल उपमहानगरपालिकाका तत्कालीन प्रमुख शिवराज सुवेदीको पहलमा रु एक करोड १५ लाख स्थानीय युवा परिचालन गरी पहिरो नियन्त्रणका लागि खर्चिएको भएपनि यो वर्ष पहिराको खतरा टरेको छैन ।

अघिल्लो महिना मात्रै स्थानीय युवाको सक्रियतामा चुरे क्षेत्रबाट ज्योतिनगरतर्फ सोभिएको पानीको मूल स्काभेटर लगाएर चिडियाखोलातर्फ सोझ्याउने काम भएको थियो । “वडा नं ३ को सिरान बाँसघारीमा १९ फिट जमीन भासिएको छ, स्थानीय युवाले क्षति हुन नदिन स्काभेटरले माटो फालेर बगेको पानीलाई चिडियाखोलातर्फ सोझ्याइदिए । यसका लागि उपमहानगरले डिजेल सहयोग गरेको थियो”, संयोजक गौतमले भन्नुभयो ।

विज्ञको प्रतिवेदनअनुसार ज्योतिनगरको पहिरो प्रभावित क्षेत्र पहिल्यै पहिचान भएको जोखिम क्षेत्र हो । तर, यो विषय सबैलाई थाहा थिएन । तत्कालीन राजा वीरेन्द्रले २०३४/३५ सालमा यस क्षेत्रमा चुरे पहाड संरक्षणका लागि कार्यक्रम ल्याउन निर्देशन भएपछि भूताहा, चिसापानी, माकर तथा चिडियाखोला गाउँ पूरै बस्ती स्थानान्तरण गरिएको थियो । यो स्थानान्तरण गर्दा तामनगर र बर्दघाट क्षेत्रमा स्थानीयवासीलाई जग्गा उपलब्ध गराइएको थियो । सरकारले नयाँ ठाउँमा जग्गा उपलब्ध गराउँदा पुरानो ठाउँको जग्गा सरकारीकरण गरेन र जोखिम क्षेत्रको जग्गा पनि स्थानीयवासीकै नाममा नै रहिरह्यो । बुटवलको शहरीकरण तथा आकर्षण बढेसँगै यो ठाउँको पहिरोलाई स्थानीयले पनि बिर्सिए । जोखिम हुँदाहुँदै पनि यहाँको जग्गा पनि किनबेच भयो । विस्तारै बस्ती बस्यो । विभिन्न जिल्लाबाट बसाइसराइ गरी आएकाहरूका घरहरू पहिरामा परेर पुरिए । विसं २०५५ को पहिरोमा यस क्षेत्रमा २१ घर पुरिएका थिए भने ५७ घर प्रभावित भएका थिए र यो क्रम गत वर्ष पनि दोहोरियो । गतवर्ष करिब डेढ दर्जन घर पुरिए । ज्योतिनगरका धेरै घरमा ढुंगा, माटोसहितको लेदो पस्यो ।

यो क्षेत्रमा २०५५ सालको पहिरोपछि जाइका समूहले सर्भे गरेको थियो । भू-उपग्रहमार्फत चुरे क्षेत्रको तस्वीर खिचेर अध्ययन गरेपछि जाइकाले यो क्षेत्र जोखिमपूर्ण रहेको निष्कर्ष निकालेको थियो । चुरे क्षेत्रमा भएका ठूला रुखले जोखिम निम्त्याउने भएकाले कटान गर्न सुझाव दिइएको थियो तर त्यो काम अझै पूरा भएको छैन ।


चुरे पहिरो नियन्त्रणका लागि प्रदेशको वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयले वृक्षरोपणबाहेक कुनै काम गरेको छैन । गत असार १४ गते बाँस र अम्रिसो रोप्ने काम गरिएको र थप कामका लागि समय लाग्ने मन्त्रालयका सूचना अधिकारी नारायणदेव भट्टराई बताउनुहुन्छ ।

पहिरो नियन्त्रणका लागि बाँसको बिरुवा काटेर राइजोन रोप्ने र ब्याम्बो वाल्टरिङ्ग अर्थात् बाँसको कप्टेराको जाली बनाएर लगाउने तयारी गरिएको उहाँको भनाइ छ । “यो वर्ष यहाँको चुरो पहिरो नियन्त्रणका लागि रु २५ लाख बजेट विनियोजन भएको छ । प्राविधिकको सल्लाहअनुसार काम गर्छौं”, उहाँले भन्नुभयो, “वन मन्त्रालय भएकाले हाम्रो मुख्य काम वृक्षरोपण गर्ने हो । अहिले बाँस र अम्रिसो रोपेका छौँ ।” ज्योतिनगर क्षेत्रमा पानी पर्ने बित्तिकै पहिरो जान सुरु हुने भएकाले तत्काल पहिरो नियन्त्रण तथा व्यवस्थापनकै लागि वन मन्त्रालय, राष्ट्रपति चुरे संरक्षण कार्यालय र बुटवल उपमहानगर बीच समन्वय हुन नसकेको मन्त्रालयका सूचना अधिकारी भट्टराईको भनाइ छ ।

बुटवल उपमहानगरले पनि बिरुवा रोप्ने र तारजाली लगाउने काम सो क्षेत्रमा गरेको छ । तर यतिले पहिरो नथामिने भएकाले स्थानीयवासी यसबाट ढुक्क हुन सकेका छैनन् । “आवश्यकताअनुसार तारजाली भरेर खोलाको पानी बस्तीमा आउन नदिने गरी स्थानीयवासीको सहयोगमा काम गरेका छौँ । थप कामका लागि बैठक बसेर निर्णय गर्छौं”, बुटवल उपमहानगरका विपद् व्यवस्थापन समितिका संयोजक मित्रमणि खनाल भन्नुहुन्छ ।

चुरे पहिरो व्यवस्थापनका लागि यो वर्ष गृह मन्त्रालयले रु ४५ लाख विनियोजन गरेकाले प्राविधिकको सुझावका आधारमा पहिरो नियन्त्रणका लागि दीर्घकालीन रूपमा काम अघि बढाउने उहाँले जानकारी दिनुभयो । यस वर्षको मनसुनमा यस क्षेत्रमा धेरै पानी नपरेकाले पहिरो रोकिन्छ कि भन्ने आशा लागेको संयोजक खनालको भनाइ छ । *-रासस*

# यसरी फैलिँदै छ चीन संसारभर



नीरज लवजू

पाँच हजारभन्दा लामो इतिहास बोकेको देश चीनको सभ्यताको अध्ययनबिना मानव सभ्यताको अध्ययन अपूरो हुन्छ । ‘संसारका प्रमुख मानव सभ्यता जस्तै मिश्र, सुमेर-बेबिलोन र सिन्ध सभ्यताको मूल संस्कृति (सामाजिक, कानुन, परम्परा, भाषा, जीवनशैली आदि) हराए पनि चीनको मूल संस्कृति र सभ्यता आजको चीनमा पनि हराएको छैन’ (मल्ल, २०७७: २३९) पुरातात्विक अनुसन्धानबाट कृषि, कागज, दिशासूचक यन्त्र, अबाकस जस्ता मानव सभ्यतासँग अन्योन्याश्रित रूपमा जोडिएका कयौं आविष्कार चीनमा भएका थिए । त्यस्तै, प्राचीनकालमै चिनियाँ यात्रीहरू पूर्वी एसिया, दक्षिण एसिया, मध्य पूर्वदेखि अफ्रिकासम्मको यात्रा गरेको इतिहासमा पाइन्छ ।

प्राचीनकालीन नेपालका कतिपय तथ्य पनि त्यस्तै चिनियाँ यात्रीहरूले लेखेका अभिलेखमा आधारित छन् । प्राचीन रेशममार्गले चीनलाई संसारको अर्को प्रमुख सभ्यता युरोपेली सभ्यतासँग जोड्यो । जसले चीनको व्यापार मात्र बढाएन बरु चिनियाँ सभ्यता र संस्कृतिलाई अझ समृद्ध बनायो । इसापूर्व ११२२ मा चाउ वंशको शासनदेखि आजको चीनसम्म आइपुग्दा भौगोलिक रूपमा संसारकै विशाल देश र सबभन्दा धेरै जनसंख्या भएको चीनमा हजारौं शासकले कयौं चिन्तन र अनुभवको आधारमा शासन अभ्यास गरे । हरेक दार्शनिक र चिन्तकले तत्कालीन आफ्ना अनुभव र अध्ययनको आधारमा चिनियाँ जीवनमा नवीन पक्ष थप्दै गए ।

कन्फुसियस, बुद्ध दर्शन, मेन्सस, लाओ त्सुजस्ता दार्शनिकहरूका चिन्तनमा चिनियाँ संस्कृतिले गति लिँदै गयो । अनुभवसिद्ध तिनै चिन्तनको समष्टि रूप नै आजको चिनियाँ संस्कृति हो । फलतः राजनीतिक इतिहासका अनेकन् आरोह अवरोह छिचोल्दै अघि बढेको आजको चीन सांस्कृतिक रूपमा संसारकै समृद्ध देशमध्ये एउटा देश बन्यो ।

सन् १८४० को दशकमा अफिम युद्धमा पराजित भएपछि चीन एक शताब्दीभन्दा लामो कालखण्ड उपनिवेशवादी शक्तिको पराधीनता सहन बाध्य भयो । आफ्नै देशमा चिनियाँ जनता विदेशी शक्तिको अपमानपूर्ण व्यवहार सहन बाध्य बनाइए । राजनीतिक सत्ता हातमा भएको शक्तिले आफ्नो संस्कृतिकै प्रभाव विस्तार गर्न खोज्नु स्वाभाविक थियो । चीनमा पनि विदेशी शक्तिले आफ्नो आयु लम्ब्याउन चिनियाँ संस्कृतिलाई ओझेल पार्दै आफ्नो संस्कृतिको जग बलियो बनाउन खोजे । तर, देशभक्त चिनियाँ जनताले आफ्नै मौलिकता बोकेको चिनियाँ संस्कृतिलाई विदेशी शक्तिको दमनबीच जोगाइरहे । साम्राज्यवादी शक्तिलाई पराजीत गर्दै सन् १९४९ मा नयाँ चीनको स्थापना भयो । एक शताब्दीअघि गुमेको चिनियाँ जनताको सार्वभौमिकता पूर्ण रूपमा चिनियाँ जनताको हातमा आयो । त्यसपछि चीन चार मूल सिद्धान्त-समाजवादको बाटो, जनताको प्रजातान्त्रिक शासन, चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व र मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराको मार्गनिर्देशनमा आधारित भएर अघि बढ्यो । नयाँ चीनको स्थापना धेरै थरी पुराना संस्कृति मास्दै भएको थियो ।

तर, चिनियाँ नेतृत्वले पुरानो भन्दै चीनका सबै संस्कृतिलाई मासिहाल्न सक्ने अवस्था भने थिएन र त्यसो गर्नु हुन्थेन पनि । त्यो वामपन्थी उत्ताउलोपन हुने थियो । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वले यस्ता उत्ताउलोपना सच्चाउँदै पनि गयो । जनताको हित गर्दासम्म र प्रगतिको बाटोमा अवरोध नगर्दासम्म पुरानो संस्कृतिलाई निरन्तरता दिने तत्कालीन नेतृत्वको सोचलाई माओ त्से तुङको ‘पुरानो युगले नयाँ युगको सेवा गर्नुपर्छ’ भन्ने भनाइमा अभिव्यक्त भएको छ ।

माओको यो भावनालाई आजको चिनियाँ नेतृत्वले पनि अंगीकार गरेको छ । चीनका राष्ट्रपति सी चिनफिङले भनेका छन्, ‘मूल समाजवादी मूल्य मान्यताको सिंचन र प्रसारका लागि परम्परागत चिनियाँ संस्कृतिलाई आधार बनाइनुपर्छ’ (सी, २०१४: १८१) तथापि, नयाँ चीनको स्थापनापश्चात् चिनियाँ नेतृत्वको मूल लक्ष्य चीनलाई समाजवादी सांस्कृतिक शक्ति बनाउनु रह्यो ।

संस्कृतिको अर्थ मानिससँग भएका विविध भौतिक र अभौतिक पक्ष हुन् जसले मानिसको जीवनलाई सहज, सरस र सम्पूर्ण बनाउन मद्दत गरेको हुन्छ । सभ्यताको विकासक्रममा फरक भूगोल, चेतनास्तर, प्रभाव, जीवन दर्शन, आर्थिक अवस्था आदि विविध कारणले फरक फरक संस्कृतिको निर्माण हुन्छ । संस्कृतिअन्तर्गत मानिसको दैनिकीदेखि नाचगान, लिपि, भाषालगायत जीवनका बृहत् आयाम समावेश हुन्छन् । आजको चीन परम्परागत संस्कृतिको भुइँ नछोडेर नयाँ समाजवादी संस्कृति निर्माण गर्ने बाटोमा अघि बढिरहेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको अठारौँ महाधिवेशनबाट पारित विचार र निर्वाचित नेतृत्वले चीनमा समाजवादी संस्कृति निर्माणलाई अझ गतिवान् बनाउन विशेष जोड दिएको छ । महाधिवेशनबाट अघि बढाइएको ‘नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादबारे सी चिनफिङ विचारधारा’ चिनियाँ नेतृत्व र जनताले बनाउन खोजेको समाजवादी संस्कृतिको वैचारिक आधार हो । सी चिनफिङ विचारधारा कुनै निरपेक्ष विचारधारा होइन ।

बरु माओत्से तुङ नेतृत्वको चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो पुस्ताको अनुभवमा आधारित माओ त्से तुङ विचारधारा, देङ स्याओपिङ नेतृत्वको दोस्रो पुस्ताको अनुभवमा आधारित देङ स्याओपिङ विचारधारा, ज्याङ जमिन नेतृत्वको तेस्रो पुस्ताको अनुभवमा आधारित तीन प्रतिनिधित्वको सिद्धान्त र हु जिन्ताओले अघि बढाएको विकासमा वैज्ञानिक दृष्टिकोणको जगमा सी चिनफिङ विचारधारा उभिएको छ ।

सी चिनफिङले चिनियाँ राष्ट्रिय पुन:जागरणलाई आजको चीनको सपना बताएका छन् । अफिम युद्धमा भोग्नुपरेको पराजयपछि गुमाएको चिनियाँ राष्ट्रको तेजलाई पुन: फर्काउने लक्ष्यलाई नै राष्ट्रिय पुन: जागरण भनिएको हो । सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टीले राष्ट्रिय पुन: जागरणलाई आफ्नो लक्ष्य बनाएको थियो । आज चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएको एक शताब्दी बितिसकेको छ र आफ्नो लक्ष्यमा चिकपा क्रमश: नजिक बन्दै गएको छ । चिकपाले आगामी सन् २०४९ भित्र चीनलाई समृद्ध, शक्तिशाली, प्रजातान्त्रिक, सांस्कृतिक रूपमा अघि बढेको, पर्यावरणीय रूपमा सुन्दर देश बनाउने लक्ष्य राखेको छ ।

चिनियाँ राष्ट्रिय पुन:जागरणका निम्ति त्यो लक्ष्यभेदन महत्वपूर्ण कदम हुनेछ । त्यसका निम्ति चीनले कुनै पनि अवस्थामा समाजवादको बाटोबाट विचलित हुन नहुनेमा चिनियाँ नेतृत्व प्रस्ट छ । समाजवाद भनेको राजनीतिक व्यवस्था मात्र होइन, बरु समाजवाद संस्कृतिको व्यवहारमा कार्यान्वयन समाजवादी अभ्यासको अभिन्न पक्ष हो । चिकपाका महासचिव सी चिनफिङले लेखेका छन्, ‘वसन्तयामको वर्षाजस्तै बिना कुनै आवाज हामीले मूल समाजवादी मूल्य मान्यतालाई सबै खालका सांस्कृतिक प्रारुपको प्रयोग गरी सौम्य र जीवन्त तरिकाले प्रसार गर्नुपर्छ ।

राम्रा साहित्यिक कृति र कलामार्फत हामीले जनतालाई सूचित गर्नुपर्छ, सत्य के हो, असल के हो र सुन्दर के हो । साथै झुट के हो, खराब र कुरुप के हुन् भन्ने कुरा पनि बुझाउनुपर्छ । के कुराको प्रशंसा हुनुपर्छ र के कुरालाई उत्साहित गर्नुपर्छ र के कुराको विरोध र भर्त्सना गर्नुपर्छ भन्ने कुरा बताउनुपर्छ ।’ (सी, २०१४: १८३) यसका निम्ति चिकपाले आफ्ना कार्यकर्ता र नयाँ पुस्तालाई जनताको सेवा गर्ने भावनाबाट सधैँ अभिप्रेरित रहन, कडा मिहिनेत गर्न, फजुल खर्च नगर्न, नयाँ नयाँ कुराको खोज गरी नयाँ समस्याको सामना गर्न र देशभक्त बन्न आह्वान गरेको छ ।

चीनको आजको कार्यदिशा भनेको आर्थिक समृद्धिको बाटो भएकाले जनताको जीवनस्तर उकास्न, जनताको जीवनमा हिजोभन्दा सहजता ल्याउन, गरिबी पूर्ण रूपमा हटाउन चिकपाले आफ्नो सिंगो शक्ति खर्च गरेको छ । त्यसका निम्ति सीले नयाँ पुस्ताका युवा विद्यार्थीलाई क्रान्तिकारी युगका चिनियाँ योद्धाहरूबाट सिकेर नयाँ युगका निम्ति कडा मिहिनेत गर्न र अध्ययन गर्न बताएका छन् । उनले भनेका छन्, ‘कडा मिहिनेतका साथ अध्ययन नगर्नुपर्ने कुनै कारण छैन ।’ (ऐ.ऐ. : १९२)

समाजवादी संस्कृतिको मूल सार नै जनताको सेवा गर्नु हो । चिकपाले आफ्नो सिंगो कार्यकर्ता पंक्तिलाई जनतासँग रहन, जनताको अहोरात्र सेवा गर्न र जनताको जीवनस्तर उकास्नमा मद्दत गर्न परिचालन गरेको छ । नेता र कार्यकर्ता पंक्तिको आचरण र व्यवहारमा आएका सांस्कृतिक समस्या समाधान गर्न चिनियाँ नेतृत्व कडा मात्र बनेको छैन, बरु समाधानको निम्ति मूर्त कदमसहित अघि बढेको छ । शक्तिशाली देशका रूपमा चीनको उदयसँग उसका सामु आइपर्ने चुनौती सामना गर्न चीनको आजको नेतृत्वसँग पार्टी कार्यकर्ताको सांस्कृतिक स्तर र अनुशासनलाई बल दिनुको विकल्प पनि छैन ।

चीनमा ५६ वटा विभिन्न जातजातिका मानिस बसोबास गर्छन् । युनान, सिन्च्याङ, तिब्बत जस्ता प्रान्तमा धेरै थरी जातजातिका मानिस बस्छन् । *-बाँकी ३ पेजमा...*

# नारायणगढ-बुटवल सडक निर्माणकार्य सुस्त



काठमाडौँ, ११ साउन (रासस)/ साना सवारीसाधन र दुई पाङ्ग्रे सवारीसाधनका चालक ज्यानको बाजी लगाएर हिँड्नुपर्ने अवस्था आएको कावासोती-१० का माधव सुवेदी बताउछन् ।

राजमार्गका खाल्डामा जम्मा भएका पानी र हिलोले मोटरसाइकल गुडाउनै नसक्ने अवस्था आउने गरेको सुवेदीको भनाइ छ । कावासोतीबाट नारायणगढसम्मको ३२ किलोमिटर खण्ड पार गर्न दुई घण्टाभन्दा बढी समय लाग्ने गरेको उनले बताए । सडकमा जमेको पानीले निकास नपाउँदा राजमार्गमा ठूला-ठूला खाल्डा बनेका हुन् । "सडकको विभिन्न ठाउँमा डाइभर्सन गराएर पुल निर्माणको काम भइरहेकाले रात्रिकालीन यात्रा झन् कष्टकर बनेको छ", सुवेदीले भने ।

गैँडाकोट-८ का व्यवसायी शालिकराम सापकोटाले सडक बनिसक्न ढिला हुँदा यात्रुको बिजोग भएको बताए । देशकै मुख्य राजमार्गको रूपमा रहेको यो सडकको दुरवस्था हुँदासमेत कसैलाई मतलब नै नभएको उनको भनाइ छ । "व्यावसायिक कामका लागि कहिले नारायणगढ त कहिले बुटवल जानुपर्छ", सापकोटाले भने, "आफ्नै गाडीमा हिँड्यो भने बाटोका कारण कहाँ पुगेर बिग्रिने हो थाहै हुँदैन, सार्वजनिक सवारीसाधन चढौँ भने सामान्य अवस्थामा भन्दा चार गुणा बढी समय लाग्छ ।"

सामान्य अवस्थामा बुटवल-नारायणगढ यात्रा गर्न साढे दुई घण्टा लाग्ने गरेकामा अहिले सात घण्टा लाग्ने गरेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) क्षेत्र नं १ का संघीय सांसद तिलक महतले बताए । आफूले यसबारे बारम्बार संसद्मा ध्यानाकर्षण गराएको भएपनि निर्माणको कामले गति लिन नसकेको महतको भनाइ छ ।

पछिल्लो चार वर्षदेखि नारायणगढ-बुटवल सडकखण्डमा यात्रा गर्ने जो कोही पनि धुलो र हिलोका कारण आजित बनेका छन् । दुई लेनमा रहेको पूर्व-पश्चिम राजमार्गको यस खण्ड विस्तारको काम सुरु हुनु अघिदेखि नै सडकमा ठूलेखाल्डाखुल्डीका कारण समस्या हुँदै आएको थियो ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोट फुल्चोकबाट बुटवलसम्मको करिब ११४ किलोमिटर लम्बाइ रहेको सो सडक खण्डको प्राय: सबै ठाउँमा खाल्डाखुल्डी छन् । यस खण्डमा पर्ने नवलपरासी पूर्व, नवलपरासी पश्चिम र रुपन्देही तीनवटै जिल्लामा लगभग पूरै सडकभरि खाल्डाखुल्डी मात्रै देखिन्छन् । चार लेनमा विस्तार भइरहेको राजमार्गका ठाउँठाउँमा बनेका ठूला खाल्डा बेलैमा नपुर्दा वर्षात्को पानी जमेर यात्रा कष्टकर बनेको यात्रु तथा चालकहरू बताउँछन् । नारायणगढबाट बुटवलसम्म साढे एक घण्टामा पुग्ने गरी सडक विस्तार भइरहेको भए पनि निर्माणमा ढिलासुस्ती हुँदा यात्रामा कठिनाइ हुने गरेको छ । सडक फराकिलो पार्ने जिम्मा लिएको चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले काम थालेको ४१ महिनामा १९ प्रतिशत मात्र काम सम्पन्न गरेको छ ।

साना-ठूला गरी दैनिक १० हजार सवारीसाधन ओहोरदोहोर गर्ने यो सडक निर्माणमा ढिलाई हुँदा सडक आसपासका बासिन्दा झनै प्रभावित भएका छन् । बुटवल-नारायणगढ सडक भएर यात्रा गर्नेमध्ये सबैभन्दा बढी समस्या एम्बुलेन्स चालकलाई हुने गरेको संयुक्त एम्बुलेन्स चालक संघ नेपालका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले बताए ।

एम्बुलेन्सले सबै खालका बिरामी बोकेर चाँडो अस्पताल पुऱ्याउनुपर्ने बाध्यता रहेको भन्दै लामिछानेले बाटोका कारण बिरामीलाई समयमै अस्पताल पुऱ्याउन ढिला हुँदा उनीहरूको अवस्था जटिल हुने गरेको बताए । सडकका खाल्डाखुल्डीका कारण एम्बुलेन्स चलाउन र बिरामीलाई समयमै अस्पताल पुऱ्याउन साह्रै समस्यामा हुने गरेको उनको भनाइ छ । मध्यविन्दुको चोरमाराबाट काठमाडौँ चल्ने माइक्रोबसका चालक वीरबहादुर महतोले बाटोमा खाल्डाखुल्डी बढी हुँदा सवारीसाधन गुडाउनै समस्या पर्ने गरेको बताए । सडकमा भएका ठूला-ठूला खाल्डाका कारण गाडीको पट्टा भाँचिने, टायर खिइने समस्या बढी हुने गरेको चालकहरू बताउँछन् । "घाम लागेको बेलामा गाडी गुडाउँदा कहिलेकाहीँ त धुलो उडेर बाटो नै देख्न नसकिने अवस्था समेत आउँछ" महतोले भने, "खाल्डाखुल्डी मर्मत गर्ने र धुलो उड्न नदिने गरी पानी छर्किने हो भने हामीलाई गाडी चलाउन केही राहत मिल्ने थियो ।"

सडकको दुरावस्थाका कारण स्थानीयवासीसमेत मर्कामा परेका छन् । कावासोती-१६ डण्डामा फेन्सी पसल सञ्चालन गर्दै आएका दधि नेपालले राजमार्गमा उड्ने धुलो र हिलोका कारण आफूहरूलाई समस्या हुने गरेको बताए । "सडक विस्तारका लागि भनेर धेरै ठाउँमा सडक छेउमा खन्ने र माटो थुपार्ने काम भएको छ" नेपालले भने, "यहाँ पानी पर्दा बाटो र पसलसमेत हिलो हुन्छ, घाम लाग्दा धुलो उडेर पसल फोहर हुने गरेको छ ।"

नारायणगढ-बुटवल सडकमा निर्माणको हालसम्मको निर्माण चित्तबुझ्दो नभएको र अहिले पनि निर्माण सुस्त भएको नारायणगढ-बुटवाल सडक योजना पूर्वी खण्डले जनाएको छ । पूर्वी खण्डमा अहिलेसम्म १७ दशमलव ७३ प्रतिशत र पश्चिम खण्डमा १९ दशमलव २९ प्रतिशत भौतिक प्रगति भएको योजना प्रमुख रमेशकुमार दिष्टिले बताए ।

उनका अनुसार ठेक्का लाग्दाको अवधि दुई हप्ता मात्रै बाँकी रहेको छ । आयोजनाले ठेक्काको अवधि थप गर्न सिफारिस गरेर विभाग पठाएको छ । अवधि थपका लागि प्रक्रिया बढाइए पनि निर्माण कम्पनीको काम चित्तबुझ्दो छैन । कार्यालयको कारण वा कोभिडलगायतका कारणले भए अवधि थप गर्न सकिने तर निर्माण व्यवसायीका कारण नसकिएमा थप नहुने उनले बताए । उनले भने, "व्यवसायीको कारणले भए जरिवाना गरिन्छ ।"

सडक निर्माणका लागि सडकको क्षेत्राधिकारमा रहेका संरचना रुख, विद्युतको पोल, खानेपानीको पाइप हटाउनु चुनौतीका रूपमा रहेको थियो । बिजुलीको ठाउँठाउँ अप्ठेरो भए पनि प्राधिकरणको समन्वयमा हटाउन लागिएको योजनाले जनाएको छ । अहिले निर्माणस्थल खाली गर्ने काम धेरै भइसकेको छ । उनले भने, "रुख काट्न दुई-चार वटा मात्रै बाँकी रहेको छ ।"

निर्माणाधीन १० मध्ये पनि पाँचमा माथिको स्लाप र बिम मात्रै (टप स्ट्रक्चर) राख्न बाँकी रहेको प्रमुख दृष्टिले बताए । पाँचमा जगको काम भइरहेको छ भने दुई वटा साना पुलमा वर्षाका कारण काम हुन सकेको छैन । उनले भने, "ठेक्कामा गइसकेको छ, वर्षा कम भएपछि काम हुनेछ ।"

विद्युतीय पोल सार्ने र रुख कटान निर्माण कम्पनीले नै गर्ने गरी ठेक्का भएको थियो । कति काट्ने 'कन्स्ट्रक्सन सर्वे' मा उल्लेख छ । सडक निर्माण गर्दा एउटा सतह मिलाएपछि मात्रै पोल राख्नुपर्ने हुँदा सडक निर्माण सँगसँगै पोल व्यवस्थापन गर्नुपर्छ । उनले भने, "कतै डाँडा काटेर वा फिलिङ गरेर सडकको सतह मिलाएर सँगसँगै गर्नुपर्छ ।" अत्याधिक सवारी चाप रहेको सडकमा अहिले सवारीसाधन निर्वाध रूपमा चल्न नसक्दा नागरिकले हैरानी बेहोरिरहेको उनले बताए । अधिकांश समयमा वैकल्पिक सडक नहुँदा मुख्य सडक निर्माण गर्ने समयमा नागरिकले दु:ख पाउने गरेको उनले बताए ।

यस सडक खण्डमा २१५ कल्भर्ट र २२ साना पुल निर्माणाधीन रहेको छ । सडक निर्माण सम्पन्न गर्न केही समय अझै लाग्ने हुँदा तत्कालका लागि खाल्डा टालेर यातायात सजिलो बनाउन निर्माण कम्पनीलाई भनिएको छ ।

यो सडकसँगै वैदेशिक लगानीको कुनै पनि सडकमा प्रगति अपेक्षा गरिएअनुसार नभएको सडक विभागका प्रवक्ता भीमार्जुन अधिकारीले बताए ।

उनका अनुसार गत आवमा वैदेशिक अनुदानको सडकमा प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ । वैदेशिक लगानीको आयोजनामा तोकिएको अवधिसम्म पूरा गर्नुपर्ने भएपनि यो आवमा कति प्रगति हुने भन्नेले खासै फरक नपर्ने उनले बताए । नारायणगढ-बुटवाल सडक निर्माणमा भइरहेको ढिलाइका विषयमा सदन र संसदीय समितिमा समेत पटकपटक छलफल भइरहेको छ । सम्बन्धित जिल्लाका सांसद वा सो सडक हुँदै जानुपर्ने जिल्लाका सांसद्ले पटकपटक सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

विसं २०१८ मा तत्कालीन राजा महेन्द्रले गैँडाकोटमा शिलान्यास गरेको झण्डै छ दशकपछि अहिले विस्तार भइरहेको छ । एसियाली विकास बैंक (एडिबी)का ऋण सहयोगमा विस्तार शुरु भएको सडक निर्माणको लागतमध्ये ८५ प्रतिशत एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी नेपाल सरकारकै लगानी छ ।

एसियाली राजमार्गको मापदण्डमा विस्तारको काम भइरहेको नारायणगढ-बुटवल सडक खण्डमा नेपालमै पहिलोपटक वन्यजन्तु वारपार गर्न 'ओभर पास' निर्माण गरिने दिष्टीले बताए । सो सडक खण्डमा वन्यजन्तुको अत्यधिक आवतजावत हुने क्षेत्रमा 'ओभर पास' निर्माण गर्ने तयारी गरिएको हो ।

चार लेनमा विस्तार हुने भनिए पनि राजमार्ग शहरी क्षेत्रमा छ लेन र दाउन्ने क्षेत्रमा तीन लेनमा विस्तार हुनेछ । सडक विभागले गत वर्ष नै मुग्लिन-नारायणगढ सडक विस्तार गरिसकेको छ भने नागढुङ्गा-मुग्लिन सडक विस्तारको तयारी अघि बढाइएको छ ।

# हराउँदै हलो: बढ्दै ट्याक्टरको प्रयोग

गण्डकी, ११ साउन (रासस)/ कृषिप्रधान देश नेपालमा आधुनिक प्रविधिसँगै भित्रिएका कृषि उपकरणको बढ्दो क्रमले यतिखेर अधिकांश स्थानमा हलोको प्रयोग हुन छाडेको छ ।

नेपालका अधिकांश ग्रामीण भेगमा पछिल्ला समयमा किसान हलो छाडेर हाते मिनि टेलर प्रयोग गर्न थालेका छन् भने समथर भू-भागमा ट्याक्टरको प्रयोग बढ्दै गएको छ । ग्रामीण भेगका टारी खेतमा अग्ला कान्ला तथा साँघुरा गरा हुने भएकाले केही स्थानमा भने अझै पनि गोरुको प्रयोग हुने गरेको स्थानीय किसान बताउँछन् ।

समथर ठाउँका लागि ट्याक्टरको प्रयोग बरदान नै भए पनि राम्रा मलिला खेतमा भने यसको प्रयोगले जमिनको भित्री रुखो माटो बाहिर ल्याउने हुँदा उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको अगुवा किसान हरिप्रसाद आचार्य बताउछन् । "कास्कीको दक्षिणभेगस्थित सुरौदी फाँटका मलिला खेतमा ट्याक्टरको प्रयोगले भित्री रुखो माटो निकाल्ने गरेको मेरो अनुभव छ", कुर्लिङ बराह किसान समूहका अध्यक्षसमेत रहेका आचार्यले भने, "अन्य गेग्रानयुक्त ढुङ्गे खेतका लागि भने यसको प्रयोगले खेती गर्न सजिलोका साथै उत्पादन बढाएको छ ।" खनजोतका लागि आधुनिक उपकरणको बढ्दो प्रयोगसँगै ती उपकरण सजिलै लैजान नसकिने ठाउँमा खेतबारी बाँझै रहन थालेको किसान बताउँछन् । पछिल्ला वर्षमा त स्थानीय जातका गाई पाल्न छाडिएका कारण जोत्नका लागि गोरु पाउन पनि मुस्किल छ ।

विगतमा कास्की र आसपासमा सिक्लेस, गोर्जे, हङ्शपुर, माझठाना, बाबियाडाँडा, भरतपोखरी लगायतका स्थानमा गोरुको राम्रै खरिदबिक्री हुने गरेकामा अहिले भने ती ठाउँमा पनि अधिकांशले गाई पाल्न छाडेका छन् ।

यस क्षेत्रमा विकासी जातका गाईका बाच्छालाई गोरुका रूपमा प्रयोग गरिदैन । ग्रामीण भेगमा दाइ हाल्नका लागि गोरुको अभाव हुँदा समस्या पर्ने गरेको स्थानीय बताउँछन् । एउटा गोरु किन्न सामान्यत: २० देखि ३० हजारसम्म खर्चनुपर्ने किसान बताउँछन् ।

गोरुको अभावसँगै पछिल्ला वर्षमा परम्परागत काठे हलो बनाउने व्यक्तिको पनि अभाव खड्कँदै गएको छ । पुरानो पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण हुन नसक्नुका साथै त्यसबाट निर्वाहसमेत नहुने भएपछि हलो किन्नका लागि पाउन पनि मुस्किल हुने गरेको अर्का किसान टीकाराम तिवारीले बताए । "हलो बनाउनका लागि सीप उत्तिकै आवश्यक छ, पछिल्ला पुस्तामा यसतर्फ चासो नदेखिएका कारण अहिले हलो सहज रूपमा किन्नका लागि पाउन सकिँदैन", उनले भने ।

नयाँ प्रविधिका टेक्टर भित्रिए पनि त्यसलाई चलाउन सक्ने सीपका साथै सामान्य विग्रदा मर्मत गर्न समेत समस्या हुँदा कतिपय स्थानमा हलोको प्रयोग चाहेर पनि चटक्क छोड्न नसकिएको किसानको अनुभव छ । गाउँका टारीखेतमा मिनि टेलर बोकेर तलमाथि गर्नुका साथै चलाउने सीपको अभाव र मर्मतको अज्ञानता आदि समस्याका रूपमा रहेको तिवारीको भनाइ छ ।

पछिल्लो समयमा बढ्दै गएको टयाक्टर एवं मिनि टेलरको प्रयोग किसान लागि बरदान सावित भएको पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरिया बताउछन् ।

आधुनिक उपकरणको प्रयोगले कृषि प्रणालीलाई छिटोछरितो र उत्पादनमुखी बनाएको जनाउँदै उनले विगत सात वर्ष यता यी उपकरणको खरिदमा सरकारका तर्फबाट अनुदान सहयोग उपलब्ध गराउन थालिएको बताए ।

गोरुका लागि घाँस काट्ने, खुवाउने र चराउने गर्नुपर्ने भए पनि ट्याक्टर, मिनिटेलरको प्रयोग गर्दा उक्त समस्या समाधान भएको किसान बताउँछन् । छोटो समयमा धेरै काम गर्न सकिने भएको पनि यसतर्फको आकर्षण बर्सेनि बढ्दै गएको हो ।

# एक हजार भन्दा बढी फर्मलाई कारबाहीमा

काठमाडौँ, ११ साउन (रासस)/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुचित व्यापारिक क्रियाकलाप गर्ने एक हजारभन्दा बढी फर्मलाई कारबाही गरेको छ ।

विभागले गत आर्थिक वर्ष २०७८/७९ को एक वर्षको अवधिमा एक हजार ३३१ व्यापारिक फर्म/कम्पनी तथा उद्योगलाई कारबाहीस्वरुप आर्थिक जरिवाना गरेको हो । यसबाट एक करोड ८१ लाख ९६ हजार राजस्व संकलन भएको छ । अनुगमन गरिएका फर्ममध्ये झन्डै आधा फर्मलाई कारवाहीस्वरुप जरिवाना गरिएको विभागका निर्देशन हरि पङ्गेनीले जानकारी दिए ।

उनले सामान्य गल्ती गर्ने फर्मलाई एकपटक सुधारको मौकासमेत दिइने गरिएको बताए । यसअवधिमा विभागले तीन हजार १४७ फर्मको अनुगमन गर्दा ३१२ फर्ममात्र सामान्य अवस्थामा रहेको पाइएको थियो ।

एक हजार ७३ फर्ममा कैफियत देखिएपछि तत्काल सुधार गर्न निर्देशन दिइएको, ६८५ फर्मलाई आवश्यक कागजात वा स्पष्टीकरण पेश गर्न निर्देशन, ३३ फर्मबाट परीक्षण गर्न वस्तुको नमूना संकलन, साधनसहित तीन जना प्रक्राउ र १३ फर्मको कारोबार रोक्का गरी सिलबन्दी गरिएको थियो ।

यस्तैगरी उक्त अवधिमा विभागले खान अयोग्य वा म्याद सकिएकाले ५४ लाख लाख ८२ हजार ७११ मूल्य बराबरको वस्तु तत्कालै नष्ट गर्न लगाइएको थियो । विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष सबैभन्दा धेरै कारवाही खाद्यान्न तथा किराना पसललाई गरिएको छ । एक वर्षको अवधिमा ८३८ वटा खाद्यान्न तथा किराना पसलको अनुगमन गर्दा ४२९ फर्मलाई आर्थिक जरिवाना गरिएको हो ।

यस्तै, ११९ फार्मेसी पसलको अनुगमन गर्दा ३९, २३३ कस्मेटिक तथा कपडा पसलको अनुगमन गर्दा २५ पसललाई कारवाहीस्वरुप आर्थिक जरिवाना गरिएको उल्लेख छ । यस्तैगरी, ४ स्टेशनरी, तीन सर्जिकल हाउस, २९ वटा अण्डा तथा मासु पसल, पाँच वटा मार्ट, छ वटा फ्युल तथा कोइला पसल, १७ वटा ग्यास, नौ वटा चस्मा पसल, ११ वटा डिर्पाटमेन्ट स्टोर, १४ वटा पानी उद्योग, १७ वटा मदिरा तथा पेय पदार्थ, ४३ वटा फलफूल तथा तरकारी पसल, १८ वटा दुग्धजन्य पदार्थ तथा बेकरी उद्योग र ६६० अन्य फर्मलाई कारवाही गरिएको निर्देशक पङ्गेनीले जानकारी दिए ।

उनका अनुसार विभागले नियमितरूपमा खाद्य तथा किराना, डिपार्टमेन्टल स्टोर, तरकारी तथा पलफूल, मासु, मदिरा, मार्ट, हार्डवेयर, मिठाइ तथा इलोक्ट्रोनिक्सलगायतका पसलको अनुगमन गर्दै आएको छ ।

विभागले दैनिक उपभोग्य वस्तुको गुणस्तर र मूल्यमा केन्द्रित भएर दैनिक बजार अनुगमन गर्ने गरेको जनाइएको छ । अनुगमनका क्रममा उपभोक्तासँग बढी मूल्य लिने, कृत्रिम अभाव सिर्जना तथा कालोबजारी गर्ने, म्याद सकिएका खानेकुरा बेच्ने तथा खरिद बिक्री बिल नराख्ने फर्मलाई पाँच हजारदेखि तीन लाखसम्म जरिवाना गरिएको विभागले जनाएको छ ।

# नवौं राष्ट्रिय खेलकुद: तनहुँमा खेलमैदान निरीक्षण

दमौली, ११ साउन (रासस)/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गठित खेलस्थल व्यवस्थापन उपसमितिले तनहुँको शुक्लागण्डकी नगरपालिका-८ गणपति खेलमैदानको निरीक्षण गरेको छ । उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङको नेतृत्वमा बुधबार खेलमैदानको निरीक्षण गरिएको हो ।

उपसमितिले खेलमैदानको निरीक्षण गर्दै शुक्लागण्डकी नगर-पालिकाका प्रमुख कृष्णराज पण्डित, उपप्रमुख खुमबहादुर विकसँग छलफलसमेत गरेको छ । सो प्रतियोगिताअन्तर्गत तनहुँमा क्रिकेट खेल सञ्चालनका लागि खेलमैदानको सम्भाव्यता अध्ययन गरिएको बताइएको छ ।

राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता आयोजनाका लागि नगर पालिकाका तर्फबाट पूर्ण सहयोग रहने उपप्रमुख विकले प्रतिबद्धता व्यक्त गरे । "शुक्लागण्डकीमा खेलकुद प्रतियोगिता आयोजना गरिनु गौरवको विषय हो, यसका लागि नगरपालिकाका तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाएका छौँ," उनले भने । उनका अनुसार यहाँ क्रिकेट खेल सञ्चालनका लागि मैदान उपयुक्त देखिएको छ ।

करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने अवसर प्राप्त गरेको छ । विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौँ संस्करण आयोजनाको मौका मिलेको हो ।

खेलस्थल व्यवस्थापन उपसमितिले केही दिनयता विभिन्न खेलमैदान तथा पूर्वाधारको निरीक्षण गरिरहेको छ । पोखराका विभिन्न ठाउँमा खेलमैदानको निरीक्षणपश्चात् उक्त टोली तनहुँ आइपुगेको हो ।

राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुनेछन् । अधिकांश खेल पोखरामा र केही खेल पोखराबाहिर गर्ने तयारी छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना बनाइएको छ ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com


# पूर्वराजपरिवारका तीन गाडी प्रदर्शनमा

काठमाडौँ, ११ साउन (रासस)/ पूर्वराजपरिवारले प्रयोगमा ल्याएका तीन सवारी नारायणहिटी दरबार संग्रहालयमा सर्वसाधारणका लागि प्रदर्शनमा राखिएको छ ।

नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिले बुधबार पूर्वराजा त्रिभुवन र महेन्द्रले प्रयोग गरेका तीन सवारी सर्वसाधारणले हेर्न पाउने गरी बुधबार खुला गरेको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले पूर्वराजपरिवारले प्रयोग गरेका सबै सामग्री क्रमश : प्रदर्शनीमा राख्दै जाने नीति रहेको जानकारी दिए ।

समितिको अध्यक्षसमेत रहेका सचिव न्यौपानेले संग्रहालयलाई थप व्यवस्थित बनाउन प्रदर्शनयोग्य सामग्रीलाई क्रमश: सर्वसाधारणले हेर्न सक्नेगरी राखिने प्रतिबद्धता जनाए । संग्रहालयले पूर्वराजा त्रिभुवनले प्रयोग गरेको बा अ २ र नम्बर नखुलेको अर्को फोर्ड कम्पनीको गाडी पनि सार्वजनिक प्रदर्शनीमा राखिएको छ । दुवै गाडी फोर्ड कम्पनीका भएको समितिले जनाएको छ ।

बा अ २ नम्बरको गाडी त्रिभुवन र उनको परिवारले प्रयोगमा ल्याएको समितिका सूचना अधिकारी बुद्धिबहादुर गुरुङले जानकारी दिए । अर्को पिकअप गाडी भने पूर्वराजा त्रिभुवनले सिकार खेल्न जाँदा प्रयोग गर्नुहुने जानकारी पनि समितिले दिएको छ ।

यसैगरी पूर्वराजा महेन्द्रले प्रयोग गरेको बा १ च २६६३ नंको गाडी पनि सार्वजनिक गरिएको छ । अस्टिन प्रिन्सेस कम्पनीको मोडेल १९६३ यो गाडी पनि अबदेखि सर्वसाधारणले हेर्न पाउने भएका छन् । यही मोडलको कार बेलायती राजप्रासादमा पनि रहेको जानकारी प्राप्त भएको पनि उनले बताए ।

तीनैवटा गाडीमा भौतिक तथा यान्त्रिक अवस्था जीर्ण रहेकामा भौतिक मर्मत एवं रङरोगन गरिएको छ । यान्त्रिक अवस्था भने अझै जीर्ण रहेको सूचना अधिकारी गुरुङले बताए । विसं २०६५ जेठ १५ गते नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएसँगै नारायणहिटी राजदरबारलाई संग्रहालयका रूपमा स्थापित गरिएको हो ।

दरबारको मुख्य भवनमा रहेका ४७ कक्षमध्ये ३० कक्ष सर्वसाधारणले हेर्नसक्नेगरी खुला गरिएको छ । बाँकी १७ कक्ष पनि अध्ययन अनुसन्धान गरी खुला गर्ने तयारीमा समिति लागेको छ । ७५४ रोपनी क्षेत्रफलमा फैलिएको नारायणहिटी दरबार क्षेत्रमध्ये संग्रहालयले करिब ५११ रोपनी भाग ओगटेको छ ।

दरबार क्षेत्रको करिब २४३ रोपनी क्षेत्रफलमा भने अहिले पनि नेपाली सेना बसिरहेको छ । नेपाली सेनाले ओगटेका क्षेत्रमा पनि केही ऐतिहासिकस्थल रहेकाले संग्रहालयले प्रदर्शनमा राख्न खुला गर्नुपर्ने माग गर्दै आएको छ ।

# उपत्यकाको फोहर आजदेखि पुन:व्यवस्थापन हुने

काठमाडौँ, ११ साउन (रासस)/ एक हप्तादेखि रोकिएको काठमाडौँ उपत्यकाको फोहर आज बिहीबारदेखि पुन:व्यवस्थापन हुने भएको छ ।

सिसडोलबाट बञ्चरेडाँडासम्म जाने करिब दुई किलोमिटर सडक मर्मतको काम गर्नुपर्ने भएकाले एक हप्ता उपत्यकाको फोहर उठ्न सकेको थिएन । बाटो मर्मतकै कारण उपत्यकाका १८ स्थानीय तहको फोहर व्यवस्थापनको काम रोकिएको थियो ।

बाटो मर्मतको काम सकिएकाले बिहीबार बिहान ६ बजेदेखि साविकबमोजिम नै फोहर व्यवस्थापन हुने कामपाका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौड्यालद्वारा जारी सूचनामा भनिएको छ ।

कामपाले यही साउन ४ गते सूचना सार्वजनिक गर्दै एक हप्तासम्म आआफ्नो घर, पसल व्यवसायबाट उत्पन्न हुने कुहिने र नकुहिने फोहरलाई सडक, चोक, सार्वजनिकस्थलमा नफाली घरभित्रै छुट्टाछुट्टै राख्न अपिल गरेको थियो ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सबैभन्दा बढी कामपामा ५०० मेट्रिकटन फोहर निस्किने गर्दछ । उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत उक्त स्थानमा व्यवस्थापन गरिँदै आएको छ । यसैबीच कामपाले उपत्यकाको कुहिने फोहर यहीँ नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको कामलाई तीव्रता दिएको छ । यसका लागि उपत्यकाका विभिन्न स्थान र उपत्यका बाहिर बनेपासम्म पनि कामपाका प्रमुख बालेन्द्र साहकै अग्रसरतामा कुहिने फोहर व्यवस्थापनका लागि जग्गा खोज्ने काम भइरहेको छ ।

कामपाले फोहरको प्रभावकारी व्यवस्थापनका लागि यही साउन १ गतेदेखि ३२ वटै वडाबाट कुहिने र नकुहिने फोहर फरक किसिमले नै व्यवस्थापनको कार्य सुरु गरिसकेको छ ।

# यसरी फैलिँदै....

सी चिनफिङले आफ्ना धेरै महत्वपूर्ण भाषणमा सबै जातजातिको आर्थिक अवस्था र जीवनस्तर उकास्नमा जोड दिँदै आएका छन् । यसका निम्ति चीनमा सबै जातजातिबीच एकता र सद्भाव आवश्यक भएको उनको भनाइ हो ।

सीले चीनमा विभिन्न जातजातिका जनताको एकतालाई प्रतीकात्मक रूपमा अनारको संज्ञा दिएका छन् । अनारका दाना जसरी मिलेर बसेका हुन्छन् र सिंगो अनारको स्वरुप बनेको हुन्छ, त्यसरी नै विभिन्न जातजातिका चिनियाँहरू अनार जस्तै मिलेर चीनको सिंगो स्वरुप बनेको सीको भनाइ हो ।

फरक-फरक जातजाति हुनुको अर्थ फरक फरक संस्कृति हुनु हो । जातजातिको भण्डार घर भनिने युनानका विभिन्न जातजातिको संस्कृतिको संवर्द्धन गर्न केन्द्रीय र स्थानीय सरकारले जोड दिँदा आज अल्पसंख्यक जातिका मानिस पनि आफ्नो मौलिक संस्कृतिको संवर्द्धन गर्दै त्यसलाई आफ्नो आर्थिक स्तर उकास्ने औजारका रूपमा प्रयोग गरिरहेका छन् । चीनको उत्तर पश्चिम सिन्च्याङ क्षेत्र सांस्कृतिक विविधताले भरिपूर्ण अर्को क्षेत्र हो । त्यहाँ विभिन्न जातजाति र धर्म संस्कृतिका मानिसको निकै अघिदेखि बसोबास छ ।

आज चीन सरकारले त्यहाँका जनताको मौलिक संस्कृति र विविधताको संरक्षण गर्दै तिनलाई आर्थिक उन्नतिको मूलधारमा ल्याउने अभियानलाई जोड दिएको छ । त्यहाँका जनतालाई गरिबीको दलदलबाट उकास्न उनीहरूसँग भएका सांस्कृतिक विशेषताको प्रवर्द्धनका प्रयास भएका छन् । विकास र समृद्धिको प्रकाश सर्वत्र विस्तार गर्ने चीनको प्रयासलाई केही पश्चिमा देशहरूले भ्रम र झुटको प्रचार गरेर बद्ख्वाइँ गर्न खोजेका छन् । तर, त्यस्ता पूर्वाग्रह र झुट छ्यास्दै चीन नयाँ संस्कृतिको उन्नयनका निम्ति अथक अघि बढिरहेको छ । विविध जातजातिको अर्को थलो तिब्बत पनि हो । तिब्बतका जनता एकातिर आफ्नो पुरानो परम्परा र संस्कृति प्रवर्द्धनमा लागेका छन् भने अर्कोतिर पूर्वाधार विकाससँगै उजागर भएका आर्थिक उन्नतिका सम्भावनाको मौका छोप्न पनि तल्लीन भएर लागेका छन् ।

पर्यटन उद्योगको विकासमार्फत हिजो छायाँमा परेका मौलिक संस्कृतिका धनी चिनियाँ अल्पसंख्यक जनता आज चिनियाँ आर्थिक समृद्धि र विकासमा हिस्सेदारी बाँड्दै छन् । हान जातिको बहुमत भए पनि चीनको राष्ट्रिय र स्थानीय नेतृत्वसम्म विभिन्न जातजातिका मानिसको भूमिका सुनिश्चित गरिएको छ । विश्वभर चीनको प्रभाव विस्तारसँगै चीनको संस्कृति पनि संसारभर पुगेको छ ।

रमाइलो कुरा त संसार भर आज चिनियाँ संस्कृतिलाई सहज स्वीकारिएको छ । चिनियाँ भाषा आज संसारभर क्रमश: प्रयोगमा आउँदै छ । नेपालमै पनि दशकअघि चिनियाँ भाषा बोल्ने मानिस भेटाउन मुस्किल थियो । आज चिनियाँ भाषा सहजै बोल्ने नयाँ पुस्ताको संख्या क्रमश: बढिरहेको छ । चिनियाँ नयाँ वर्ष (वसन्त पर्व) लाई संसारका प्रमुख सहरमा मनाउन थालिएको छ । चिनियाँ सुलेखन (क्यालिग्राफी)को लोकप्रियता बढ्दो छ ।

चिनियाँ संस्कृतिकै अभिन्न अंग मानिएका माटोका भाडा, मौलिक खालका चित्रकारिता, चिनियाँ साहित्य, चिनियाँ रेशम, मौलिक पेय पदार्थ, चिनियाँ परम्परागत औषधि पनि चिनियाँ सीमा नाघेर संसारभर पुग्नु चिनियाँ संस्कृतिको अन्तर्राष्ट्रियकरणको उदाहरण हो । चिनियाँ परिकार आज संसारका प्रमुख सहरका ठूलठूला चमेनागृह र होटलका विशेषता बनेका छन् । पुराना परम्परागत संस्कृति मात्र होइन, चिनियाँ मोबाइल एप जस्तै टिकटक, विच्याट आदि पनि संसारभर लोकप्रिय बन्दै गएको छ ।

चीनले अत्याधुनिक प्रविधिको विकासमा उचाइ हासिल गर्दै गए पनि आफ्नो जग भने उसले कदापि भुलेको छैन । भुइँ छोड्ने कोही पनि एउटा उचाइमा पुगेपछि पतनको बाटोमा जान्छ । चिनियाँ नेतृत्वलाई यो कुराको बोध भएकाले चिनियाँ विशेषतालाई उसले कदापि छोडेको छैन । बरु आफूसँग भएका मौलिक कुराको प्रवर्द्धन र त्यसबाट आर्थिक उन्नतिको खोज गरिएको छ । चीनले पश्चिमा समाजमा प्रतिपादन भएको मार्क्सवाद जस्तो दर्शनलाई अंगीकार गरेको छ । तर, चीनले कन्फुसियसजस्ता चिनियाँ दार्शनिकलाई पनि भुलेको छैन । बरु चिनियाँ माटोमा हुर्केका दर्शन र चिन्तनको पनि गम्भीर अध्ययनलाई जोड दिइएको छ ।

चिनियाँ संस्कृतिको संवर्द्धन मानव सभ्यतामध्ये सबभन्दा पुरानो र जीवित सभ्यताको संरक्षण गर्नु पनि हो । चीनको आजको नेतृत्वले चिनियाँ संस्कृतिको संवर्द्धन गरेर सिंगो मानव जातिप्रति आफ्नो दायित्व निर्वाह गरिरहेको छ । संस्कृति संरक्षणलाई आर्थिक उन्नति र आधुनिकतासँग जोड्दै लानु नै चिनियाँ संस्कृति संवर्द्धनबाट हामीले सिक्न सक्ने पक्ष हो । देशलाई माया गर्ने र जनतालाई नै इतिहासको मूली सोच्ने राजनीतिक नेतृत्व भए कुनै पनि देशको सांस्कृतिक विविधताको संरक्षण र संवर्द्धन सम्भव हुन्छ । चीन यसको उदाहरण हो । -साभार: इकागज

# मकवानपुरमा कोरोना संक्रमण बढ्दै

साझाकुरा संवाददाता



हेटौंडा, ११ साउन/ देशभर कोरोना संक्रमण बढिरहँदा मकवानपुरमा पनि यसको प्रभाव देखिएको छ । मकवानपुरमा पछिल्लो हप्तादेखि संक्रमित संख्या बढ्दै गएका छन् ।

जिल्लामा पछिल्लो २ हप्तादेखि दैनिक औसतमा ४ देखि ७ जनाका दरले कोरोना संक्रमण पुष्टि हुन थालेको हो । बुधवार पीसीआर ंर एन्टिजेन परीक्षणबाट ७ जनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । २९ जनामा पीसीआर विधिबाट परिक्षण गर्दा ६ जनामा र एन्टिजेन परीक्षणबाट १२ जनामध्ये १ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मंगलबार ३२ जनामा गरिएको परिक्षणमा ४ जनामा कोरोना देखिएको थियो । सोमवार २८ जनामा परीक्षण गर्दा ४ जनामा कोरोना संक्रमण पुष्टी भएको कार्यालयले जनाएको छ । कोरोना संक्रमित २५ जना होम आइसोलेसनमा उपचार्त छन् । मकवानपुरमा हालसम्म ३ लाख २४ हजार ४ सय ८६ जनाले मात्र कोभिड-१९ विरुद्धको को पूर्ण खोप लगाएका छन् । कोभिड-१९ को पहिलो मात्रा भ्याक्सिन ३ लाख ३७ हजार ९ सय ३७ जनाले लगाए ।

७१ हजार ९१ जनाले थप मात्रा खोप लगाएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । कोरोनाबाट मकवानपुरमा हालसम्म १ सय ७१ जनाको मृत्यु भएको छ । देशभर पछिल्लो २४ घण्टामा थप ५ सय ६४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । १ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा ४ हजार ४ सय ५४ जनाको नमूना परीक्षण गरिएको थियो ।

बुधवार २ हजार ७ सय ७८ जनाको पीसीआर र १ हजार ६ सय ७६ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा ५ सय ६४ जनामा संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । एकैदिन २ सय २ जना संक्रमण मुक्त भए ।

# स्थानीय दररेट कायम गर्न निर्माण व्यवसायीको माग

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रहेका निर्माण व्यवसायीहरुले स्थानीय दररेट कायम गर्न पालिकाको ध्यानाकर्षण गराएका छन् ।

मकवानपुर निर्माण व्यवसायी संघ थाहा नगर समितिले बुधवार नगर प्रमुख विष्णुबहादुर विष्टलाई स्थानीय दररेट कायम गर्न माग गरेका हुन् । उनीहरुले निर्माण सम्बन्धि ठेक्कामा दररेट पुनविचार गरी स्थानीय दररेट कायम गर्न माग गरेका हुन् । चालु आर्थिक वर्ष २०७९/०८० को जिल्ला दररेट जारी भैसकेको र गतबर्षको तुलनामा दररेटमा थोरै वृद्धि भएतापनि थाहा नगरपालिकाको भौगोलिक विकटता, स्थानीय क्षेत्रमा निर्माण सामग्रीको पर्याप्त मात्रामा उपलब्ध नहुनु, महंगी तथा नगरको सबै वडामा एउटै दररेट कायम हुनुले निर्माण व्यवसायी तथा उपभोक्ता समिति अत्यन्त मारमा परेको गुनासो गरिएको छ । थाहामा निर्माण सामग्री बाहिरी जिल्लाबाट ल्याउनुपर्ने बाध्यता रहेको र जिल्ला दररेटले हालको महंगी अनुसार निर्माण सामग्री र कामदार धान्न नसकिने भएको भन्दै निर्माण व्यवसायीहरुले ध्यानाकर्षण गराएका हुन् ।



नगरपालिकाले पनि स्थानीय दररेट निर्धारण गरी निर्माण कार्यलाई सहज बनाउन आग्रह गरिएको छ । नगर प्रमुख विष्टले समस्या बारे जानकारी भएको बताउँदै अन्य पालिकाको अभ्यास र कानुन अध्ययन पश्चात समस्या समाधानमा भूमिका खेल्ने प्रतिबद्धता जनाए । उनले विकास निर्माणका कार्य रोकिँदा असर पुग्नेतर्फ सबै सचेत हुनुपर्ने बताए ।

# कर्मचारी हटाएको सम्बन्धमा अदालतले छलफलमा बोलायो

साझाकुरा संवाददाता




हेटौंडा, ११ साउन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाले करार सेवाका कर्मचारी हटाएको सम्बन्धमा छलफल गर्न अदालतले गाउँपालिका अध्यक्षदेखि कृषि शाखाका प्रमुखलाई बोलाएको छ ।

उच्च अदालत पाटन हेटौंडा इजलाशले करार सेवाका कर्मचारी हटाएको विषयमा छलफल गर्न पालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृतलगायतलाई छलफलमा बोलाएको हो ।

सेवाबाट हटेका कर्मचारीहरूले राजनीतिक प्रतिशोधका आधारमा गाउँपालिका अध्यक्ष घलानले १७ जनाको नवीकरण नगरी आफ्ना नातेदार र कार्यकर्ताको मात्रै करार नवीकरण गरेको आरोप लगाएका छन् । हटाइएका कर्मचारीहरुले गाउँपालिकालाई पटक-पटक ध्यानाकर्षण गराउँदै आएका थिए ।

अदालतले १५ साउनमा छलफलका लागि दुवै पक्षलाई उपस्थिति हुन भनेको छ । गाउँपालिकाले हटाएका १७ जना कर्मचारी मध्यमा ५ जनाले उच्च अदालत पाटन हेटौंडा इजलासमा रिट निवेदन दिएका थिए । उनीहरुको मुद्दामा अन्तरिम आदेश दिनु भन्दा पहिले अदालतले छलफलका लागि दुबै पक्षलाई बोलाएको उल्लेख छ ।

गाउँपालिका कार्यालय र हटाइएका कर्मचारीलाई साउन १५ गते अदालतमा छलफलका लागि बोलाईको पीडित कर्मचारीका तर्फबाट बहस गरेका अधिवक्ता मदन कुमार दाहालले जानकारी दिए ।

# बागमती प्रदेशसभाः साढे चार वर्षमा ७० विधेयक पारित

बागमती, ११ साउन (रासस)/ बागमती प्रदेश प्रदेशसभाले विगत साढे चार वर्षको अवधिमा ७० वटा विधेयक पारित गरेको छ ।

सो सभाबाट मूल विधेयक ५५ वटा तथा संशोधन विधेयक १५ वटा गरी कूल ७० वटा विधेयक पारित भएको सभामुख सानुकुमार श्रेष्ठले जानकारी दिएको छ ।

त्यसैगरी ६६ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणित भइसकेको उनले भनेको छ ।

प्रदेशसभाबाट वटा अध्यादेश पारित गरेको तथा तीन वटा विधेयक विविध कारणले स्वीकृत हुन नसकेको बताइएको छ । संघीय सरकारले कतिपय ऐन नबनाउँदा प्रदेश सरकारले चाहेर पनि आवश्यक ऐन बनाउन नसकेको उनको गुनासो रहेको छ ।

प्रदेशसभाको वैठक हालसम्म दुई सय ८८ घण्टा २० मिनेट बसेको सो प्रदेशसभाले जनाएको छ ।

त्यसैगरी हालसम्म प्रदेशसभामा ११ वटा शुन्य समय तथा २९ वटा विशेष समयको कार्यक्रम राखिएको बताइएको छ ।

मूलत: नीति कार्यक्रम र बजेट निर्माणमा केन्द्रित रहेको प्रदेशसभाको दशौं अधिवेशनमा मूल विधेयक तीन वटा र संशोधन विधेयक तीन वटा तथा अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक एक वटा पारित भएको सभामुख श्रेष्ठले बताए ।

यस्तै तीन वटा प्रतिस्थापन विधेयक पारित हुन नसकेको बताइएको छ ।


## मकवानपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०४/११)*
*संशोधनसहित पुन: प्रकाशन गरिएको*

यस मकवानपुरगढी गाउँकार्यपालिकाको मिति २०७९/०४/०९ को निर्णयानुसार देहाय बमोजिम करार कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले ईच्छुक एवं तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हानको लागि सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद, सेवा, तह | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता र उमेर | दरखास्त दस्तुर | काम गर्नुपर्ने स्थान र पद संख्या | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. १/०७९-०८० | ईन्जिनियर, इन्जि. सिभिल, छैठौं | १(एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण गरी कम्तिमा २ (दुई) वर्षको अटोक्याट चलाउन सक्ने अनुभव भएको । - २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.१०००/- (अक्षरेपी एक हजार मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय-१ जना | लिखित र अन्तरवार्ता |
| २/०७९-०८० | सव-ईन्जिनियर, ईन्जि. सिभिल, पाँचौ | ४(चार) | - मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.७००/- (अक्षरेपी सातसय मात्र) | मकवानपुरगढी गाउँपालिका तथा अन्तर्गत-४ जना | लिखित र अन्तरवार्ता |
| ३/०७९-०८० | वर्थिङ अ.न.मी., स्वास्थ्य, प.हे.न., चौथौ | ३(तीन) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण भई नर्सिङ काउन्सिलमा दर्ता भएको, कम्प्युटर चलाउन जानेको र SBA तालिम प्राप्त गरेको हुनुपर्नेछ - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) | आँपटार सामुदायिक स्वास्थ्य ईकाई-१ (एक)<br>सुकौरा स्वास्थ्यचौकी-१ (एक)<br>बुढीचौर स्वास्थ्यचौकी-१ (एक) | लिखित र अन्तरवार्ता |
| ४/०७९-०८० | प्रशामक सेवा अ.न.मी., स्वास्थ्य, चौथो | १(एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी./स्टाफ नर्स कोर्स उत्तीर्ण भई प्रशामक सेवा सम्बन्धी आधारभूत तालिम लिएको नर्सिङ काउन्सिलमा दर्ता भई म्याद कायम भएको र कम्प्युटर समेत जानेको हुनुपर्नेछ । - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) | मकवानपुरगढी गाउँपालिका अन्तर्गत-१ (एक) | लिखित र अन्तरवार्ता |
| ५/०७९-०८० | ल्याब असिष्टेण्ट, स्वास्थ्य, चौथो | २(दुई) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिष्टेन्ट वा ल्याव टेक्निसियन कोर्स उत्तीर्ण भई काउन्सिलमा दर्ता भई म्याद कायम भएको र कम्प्युटरसमेत जानेको हुनुपर्नेछ । - १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको | रु.५००/- (अक्षरेपी पाँचसय मात्र) | आमभन्ज्याङ स्वास्थ्यचौकी-१ (एक)<br>मकवानपुरगढी स्वास्थ्यचौकी-१ (एक) | लिखित र अन्तरवार्ता |
| ६/०७९-०८० | कार्यालय सहयोगी | १३ (तेह्र) | - सामान्य लेखापढी गर्न सक्ने - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | रु.३००/- (अक्षरेपी तीनसय मात्र) | मकवानपुरगढी गाउँपालिकाको कार्यालय-३ (तीन)<br>१ नं. वडा कार्यालय-१ (एक)<br>७ नं वडा कार्यालय-१ (एक)<br>आँपटार सामुदायिक स्वास्थ्य इकाई-१ (एक)<br>मकवानपुरगढी स्वास्थ्यचौकी, शिखरकटेरी-१ (एक)<br>मक्रान्चुली सामुदायिक स्वास्थ्य इकाई-१ (एक)<br>शहिद रुद्र स्मृती सामुदायिक स्वास्थ्य इकाई-१ (एक)<br>आमभञ्ज्याङ्ग स्वास्थ्यचौकी-१ (एक)<br>डुम्रेकुना सामुदायिक स्वास्थ्यइकाई-१ (एक)<br>सुकौरा स्वास्थ्यचौकी-१ (एक)<br>बुढीचौर स्वास्थ्यचौकी-१ (एक) | अन्तरवार्ता |

- **आवश्यक कागजात**: नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाण मात्र भए नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि), आधारभूत कम्प्युटर तालिमको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि दरखास्त साथ पेश गर्नुपर्ने छ । साथै अन्तरवार्ताको दिन उम्मेदवारहरुले सबै प्रमाणपत्रहरु सक्कलै लिई आउनुपर्नेछ ।
- **सेवा सुविधा**:- सम्झौता पत्रमा उल्लेख भएबमोजिम हुनेछ ।
- **सम्पादन गर्नुपर्ने कामको विवरण** (TOR): सम्झौता पत्रमा उल्लेख भएबमोजिम हुनेछ ।
- **दरखास्त फाराम**: makawanpurgadhimun.gov.np बाट Download गर्न सकिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति**: २०७९/०४/२५ गतेसम्म (कार्यालय समयभित्र)
- यो सूचनाको अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा वा पर्न गएमा भोलिपल्ट वा कार्यालय खुलेको दिनसमेत दरखास्त दिन सकिनेछ ।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्तउपर कुनै कारवाही गरिने छैन ।
- आवेदन परेका मध्येबाट छोटो सुची (Shot List) प्रकाशनपश्चात लिखित र अन्तरवार्ता परीक्षाको मिति तोकिनेछ ।
- सिभिलतर्फका प्राविधिकहरुको हकमा लोक सेवा आयोगसँग माग भैसकेको हुनाले सोही बमोजिम पदपूर्ति भई आएमा वा सो पदको स्थायी कर्मचारी सरुवा भई आएमा त्यस्तो करार सेवा स्वत:अन्त्य हुनेछ ।

रामकुमार पुडासैनी
**प्रमुख प्रशासकीय अधिकृत**



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



साझाकुरा राष्ट्रिय दैनिक खोजिखोजि पढौं ।



कोरोना भाइरसबाट बचौं र बचाऔं ।



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**